नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ**
**ढुङ्गे, नुवाकोट**

फोन नं.: ०१०-५६०२१६, ०१०-५६१८४
इमेल :pmamp.piu.nuwakot@gmail.com
वेबसाइट: piunuwakot.pmamp.gov.np

प.सं. २०८१/८२
सू.नं. १०

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नुवाकोट जिल्लामा संचालन हुने तरकारी जोन (नयाँ) मा सूचीकृत हुने एवं कार्यक्रम माग सम्बन्धी सूचना।**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/१४ गते**

आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोट अन्तर्गत नुवाकोट जिल्लामा **तरकारी जोन (नयाँ)** को तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्न मिति २०८१/०५/१९ गते प्रकाशित २१ दिने सुचना अनुसार पर्याप्त आवेदन नआएको हुँदा कार्यक्रममा सहभागी हुन इच्छुक थप कृषि समुह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित मिति २०८१/०६/२० गते (७ दिन) भित्र यस परियोजना कार्यान्वयन एकाइ, ढुङ्गे, नुवाकोटमा तोकिएको ढाँचा अनुसार सूचिकृत हुने र कार्यक्रम माग गर्ने आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०१०-५६०२१६, ०१०-५६०४००, ९८५११०५८५६, ९८४३४७९५२२, ९८४०८८४०५३ मा सम्पर्क राख्न हुन अनुरोध छ।

**तपशिल:**

| क्र.स. | स्वीकृत कार्यक्रम | एकाइ | लक्ष्य | स्वीकृत बजेट (रु. लाखमा) | अनुदान प्रतिशत (बढिमा) |
|---|---|---|---|---|---|
| १ | प्याकेजिङ्ग, लेवलिङ्ग, पोष्टहार्भेष्टमा सहयोग | पटक | १ | ६ | ५० |
| २ | १ रोपनीमा स्थायी प्लास्टिक घर निर्माण | संख्या | ८ | ३२ | ५० |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ३० | ५० |
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २० | ३० | ८५ |
| ५ | स्थायी प्लास्टिक टनेल निर्माण | संख्या | ४० | २४ | ५० |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु. १० को टिकट टाँस गरेको आवेदन फारम
२. सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. संस्थाको आ.ब. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (सम्झौताको समयमा आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने )
४. संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा
६. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
७. समुह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि (सूचिकृत हुने र कार्यक्रम माग गर्ने निर्णय )

**तरकारी जोन कार्यक्रम संचालन हुने स्थानहरु:**

म्यागङ गाउँपालिका वडा नं २, ३, ४, ५ र ६

किस्पाङ गाँउपालिका वडा नं १, २, ३ र ४,

***नोट:*** *कार्यालयले तयार गरेको कार्यक्रम मागको आवेदन फाराम र तथ्याङ्क फाराम परियोजना कार्यान्वयन एकाइ ढुङ्गे नुवाकोट वा सम्पर्क कार्यालय, छहरे वा यस कार्यालयको वेबसाइट www.piunuwakot.pmamp.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।*

**होमनाथ लम्साल**
**वरिष्ठ कृषि अधिकृत**